नेपाल वायुसेवा

मिति :२०७९ कार्तिक ४

# प्रेस विज्ञप्ति

## Sales Meet and Interaction कार्यक्रम सम्पन्न

नेपाल वायुसेवा निगम र **GSA (General Sales Agent)** को संयुक्त आयोजनामा यही मिति २०७९ असोज २९ र ३१ गते तद्अनुसार १५ र १७ अक्टोवर २०२२ का दिन मित्रराष्ट्र भारतको मुम्बई र बैङ्लोरमा हवाई सेवा तथा पर्यटन सम्बद्ध प्रतिनिधिहरुसँग **Sales Meet and Interaction** कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीज्यूले निगमले स्थापनाकालदेखि नै भारतका विभिन्न गन्तव्यहरुमा उडान गर्दै आएकोमा हाल मुम्बई, दिल्ली र बैङ्लोरमा नियमित रुपमा भरपर्दो, सुलभ र गुणस्तरीय हवाई सेवा प्रदान गर्दै आएको बताउनुभयो । त्यस्तै, उहाँले कोरोना महामारीको कारण विश्वव्यापी रुपमा हवाई सेवामा आएको संकुचनबाट निगम पनि मुक्त नभएको सन्दर्भमा हाल यसमा भएको सुधारसँगै निगमको उडानमा पनि क्रमशः विस्तार हुँदै गएको र आगामी दिनमा चीनको ग्वान्जाउ, भारतको अहमदावाद र सिंगापुर हुँदै अष्ट्रेलिया जाने लक्ष्य रहेको बताउनुभयो ।

नेपालमा पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नको लागि नेपाल सरकारले सन् २०२३- २०३३ को अवधिलाई पर्यटन दशकको रुपमा घोषणा गरेको, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसमेत सञ्चालन हुने चरणमा रहेकोबाट नेपालमा हवाई सेवा र पर्यटन प्रवर्द्धन हुने अवस्थामा भएको हुँदा यसमा निगमको अग्रणी भूमिका रहने भएकोले निगमको सेवालाई समयसापेक्ष थप प्रभावकारी बनाउँदै लैजाने समेत बताउनुभयो । त्यस्तै, नेपाल र भारतबीच भौगोलिक निकटता मात्र नभएर जनस्तरमासमेत सामाजिक-सांस्कृतिक सम्बन्ध भएको हुनाले विश्व सम्पदामा सूचीकृत विभिन्न धार्मिक तथा प्राकृतिक सम्पदा र नेपालको प्रमुख कला संस्कृति पर्यटकीय आकर्षणको क्षेत्र भएको उहाँले बताउनुभयो ।

उक्त कार्यक्रममा सम्बोधन गर्नुहुँदै निगमको संस्थागत विभागकी निर्देशकले नेपालमा प्रचूर पर्यटकीय सम्भावना भएको अनुपम प्राकृतिक सौन्दर्यले भरिपूर्ण पर्यटकीय गन्तव्यहरु रहेको हुनाले उदीयमान अर्थतन्त्रको रुपमा विकास हुँदै गरेको मित्रराष्ट्र भारतका विभिन्न सहरहरुलाई नेपालको पर्यटकीय गन्तव्यहरुसँग नेपाल वायुसेवा निगमले सहज रुपमा जोड्दै आएको बताउनुभयो ।

त्यस्तै, उक्त कार्यक्रममा निगमले प्रदान गर्दै आएको विभिन्न सेवा तथा सुविधाको बारेमा निगमको वाणिज्य विभागको उपनिर्देशकले प्रस्तुतीकरण गर्नुभएको थियो ।

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं,नेपाल, फोन: ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np,info@nac.com.np, Web: www.nepalairlines.com.np

नेपाल
वायुसेवा

निगमको व्यापार तथा बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त अन्तरक्रियात्मक कार्यक्रममा निगमको अर्थ विभागकी निर्देशक तथा निगमका कानूनी सल्लाहकार वरिष्ठ वकिल तथा पूर्व महान्यायाधिवक्ता सुशिल पन्त साथै सुपरिचत संगीतकार रणजीत गजमेर सहितको सहभागितामा सम्बद्ध क्षेत्रका नेपाली प्रतिनिधिहरु, १२० भन्दा बढी ट्राभल एजेण्ट, कार्गो एजेण्ट र GSA (General Sales Agent) बीच Sales Strategies सँग सम्बन्धित विभिन्न विषयहरुमा छलफल तथा विमर्श भएको थियो । नेपाली समुदायका तर्फबाट भरत रावल, विष्णु रावल, देवेन्द्र विक्रम साहको उपस्थिति थियो । सो अवसरमा निगमका कार्यकारी अध्यक्षज्यूलाई नेपाली समुदायका तर्फबाट सम्मान गरिएको थियो । निगमले व्यवसायिक प्रवर्द्धन गर्ने उद्देश्यले समय समयमा यस किसिमको अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

..............................
अर्चना खड्का
प्रवक्ता
नेपाल वायुसेवा निगम

नेपाल वायुसेवा निगम संस्थागत विभाग

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं,नेपाल, फोनः ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np,info@nac.com.np, Web: www.nepalairlines.com.np